पाठ ६

# मण्डलीहरूले प्रभुको मृत्युको स्मरण गर्छन्

सत्रौं शताब्दीमा स्कटल्याण्डमा प्रतिज्ञावादी नामबाट चिनिने एक ख्रीष्टियान समूहले ठूलो सतावटको सामना गर्नुपरेको थियो। तिनीहरूले गुप्तमा नै भेटघाट गर्नुपर्थ्यो।

एक साँझ एक स्कटिश युवती विश्वासीहरूका सङ्गतिमा जान लागेकी थिइन्। एक्कासि केही शत्रुहरू उनी गएको बाटोमा खड़ा भए। तिनीहरूले तिनलाई आक्रमण गरे र तिनी कहाँ गइरहेकी हुन् सो तिनीसँग सोधपूछ गरे। प्रेरणाको चमकमा तिनले साहससँग जवाफ दिइन्, "मेरा जेठा दाज्यूको इच्छापत्र पढ़ेको सुन्नका लागि म बेलुकीको भोजको निम्ति गइराखेकी छु।"

"त्यो ता हानिकारकजस्तो देखिँदैन, त्यसलाई जान देओ," भनी त्यहाँ जम्मा भएका मानिसहरूका नेताले भने। प्रभु-भोजमा भाग लिनका लागि यी युवती छिटो-छिटो गुप्त सभामा भेला भइन्।

यी स्कटिश युवतीले प्रभु-भोजलाई बेलुकीको *भोजन* भनी सम्बोधन गरिन्, जहाँ तिनी गइरहेकी थिइन्। येशूचाहिँ *जेठा दाज्यू* हुनुहुन्थ्यो। पढ़िने *इच्छा-पत्रचाहिँ* नयाँ करार थियो जसलाई प्रभुले आफ्नो क्रूसको मृत्युद्वारा क्रियाशील बनाउनुभएको थियो।



**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

प्रभुको टेबिलः एक चित्रण (नमूना)
रोटी र कचौरा
प्रभु भोजको रूप र उद्देश्यहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- प्रभु-भोजमा प्रयोग गरिएको रोटी र कचौराको चिन्हलाई व्याख्या गर्न।
- प्रभु-भोजको महत्त्व र उद्देश्यलाई बुझ्न।
- प्रभु-भोजको अर्थप्रति कृतज्ञ भई यसमा सहभागी हुन।

## प्रभुको टेबिलः एक चित्रण (नमूना)

उद्देश्य १ *प्रभुको टेबिलको महत्त्वपूर्णतालाई जान्नुहोस्।*

मरियम अति प्रसन्न देखिन्छिन्। तिमोथी पनि तिनको साथमा नै बसेका छन्। तिनी लगायत अरू धेरैले भर्खरै मात्र पानीको बप्तिस्मा लिएका छन्। अब प्रभु-भोजको सेवा शुरू हुन लागेको छ र तिनी पहिलो पल्ट यसमा सहभागी हुँदैछिन्।

प्रभु-भोजको अर्थको सम्बन्धमा मरियमले शिक्षा पाइसकेकी छन्। तिनी गान र आराधनामा सहभागी हुन्छिन्। "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो" (लूका २२:१६) भनी येशूले भन्नुभएको वचनलाई पास्टरले पढ़ेपछि तिनका आँखामा आँसुहरू आएका थिए। आराधना गर्नु भनेको कुरा के हो भनी अब तिनले राम्रैसँग बुझेकी थिइन्। रोटीका टुक्रालाई बाँड्दा यताउती हेर्नुको सट्टा, तिनले आफ्नो हृदयमा प्रभुलाई प्रशंसा र धन्यवाद दिइरहिन्। त्यसपछि पास्टरले पढ्छन्, "यो कचौरा तिमीहरूका निम्ति बहाइएको मेरो रगतमा स्थापित गरिने नयाँ करार हो" (लूका २२:२०)।

विश्वासीहरूले आदरसाथ प्रभु-भोज ग्रहण गरे। संसारका पापहरूका निम्ति प्रभुले आफैलाई अर्पण गर्नुभएको कार्य कति धेरै उदेकको छ! आफू प्रभुको नजीक आएको मरियमले महसूस गरिन् र परमेश्वरका आत्माको भरपूरिको निम्ति भोकाउन थालिन्।

"हामीहरू पवित्र आत्माले भरिन आवश्यक छ" भनी तिनले तिमोथीलाई साउती गरिन्। तिनका कुरामा उनी पनि सहमत भए।

फ्रान्स देशको प्यारिसमा विजयता दर्शाउने *सुन्दर मचान* अर्थात् ठूलो स्मारक राखिएको छ। त्यस मचानको तल अज्ञात सिपाहीको चिहान छ, जसले युद्धमा मरेका सबै सिपाहीहरूको प्रतिनिधित्व गर्छ। देशभक्त समूहका सदस्यहरूले हरेक साँझ त्यहाँ "स्मरणको बत्ती" बाल्ने गर्छन्। आफ्नो देशको निम्ति आफ्ना जीवनको बलिदान गर्ने मानिसहरूका लागि राष्ट्रले यसरी आफ्नो कृतज्ञता प्रकट गराएको हो।

विश्वासीहरूको पनि स्मारक छ। "प्रभुको टेबिल" वा प्रभु-भोजले हामीलाई प्रभुले हाम्रा निम्ति सहनुभएको कष्ट र मृत्युको स्मरण गराउँछ। भाँचिएको रोटी र दाखरसको कचौराले क्रूसमा टाँगिएको उहाँको शरीर र मानव जातिका सबै पापका निम्ति उहाँले बगाउनुभएको रगतको प्रतिनिधित्व गर्छ। येशूले हाम्रा निम्ति कति ठूलो बलिदान गर्नुभयो भनी हामीलाई स्मरण गराउनका लागि नै हामी प्रभुको टेबिलको रोटी र कचौरामा सहभागी बन्छौं (१ कोरिन्थी ५:७)।

प्रभु-भोजमा सहभागी हुने कुराले येशूको दुःख र मृत्युको सङ्केत गर्छ। यद्यपि, स्मरण गर्दा, उहाँको कष्टप्रति हामी संवेदनशील हुने मात्र होइन। हामीले उहाँको विजय र पूर्ण कार्यलाई पनि विचार र ग्रहण गर्नुपर्छ। ख्रीष्टको मृत्यु व्यर्थमा थिएन। जुन काम गर्नको निम्ति पिताले उहाँलाई पठाउनुभएको थियो सो काम उहाँले पूरा गर्नुभयो र यसरी उहाँले मानिसहरूलाई आफ्नै बनाउन सक्नुभयो।

यसको साथसाथै हामीले याद गर्नुपर्छ कि प्रभुको टेबिल-चाहिँ वेदी होइन। योचाहिँ *स्मारक* हो! "आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ" भनी ख्रीष्टको बारेमा हामीलाई बताइएको छ (हिब्रू ९:२६)।

प्रभुको टेबिलचाहिँ वेदी होइन, जहाँ ख्रीष्टलाई फेरि बलिदान दिइन्छ! जब हामी प्रभुको मृत्युको सम्झना गर्छौं, उहाँले पूरा गर्नुभएको बलिदानको निम्ति हामी उहाँलाई धन्यवाद दिन्छौं। उहाँ फेरि नआऊञ्जेलसम्म हामी उहाँको मृत्युको घोषणा गर्छौं (१ कोरिन्थी ११:२६)।



**तपाईंको अभ्यासको निम्ति**

**१** वाक्यलाई पूरा गर्ने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। प्रभु-भोज सञ्चालन गर्नु महत्त्वपूर्ण छ, किनकि

**क.** येशू र हाम्रा निम्ति उहाँको बलिदानको बारेमा यसले हामीलाई स्मरण गराउँछ।

**ख.** पापमाथि भएको उहाँको विजयताको बारेमा यसले हामीलाई स्मरण गराउँछ।

**ग.** उहाँले अझै शासन गर्नुहुन्छ भन्ने कुरा याद गर्न यसले हामीलाई सहायता गर्छ।

**घ.** यो सुन्दर र प्रभावकारी विधि हो।

**२** प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** प्रभु-भोज हाम्रो निम्ति भएको बलिदान वेदी हो।

**ख.** येशूको मृत्युले नयाँ करारलाई क्रियाशील बनाइएको छ, र अहिले हामीले विश्वासद्वारा उद्धार पाएका छौं।

**ग.** प्रभु-भोजचाहिँ येशू फेरि नआऊञ्जेलसम्म सञ्चालन गरिने विधि हो।

**घ.** कसैले प्रभु-भोजको अर्थ नजाने तापनि, प्रत्येक व्यक्ति यसमा सहभागी हुनैपर्छ।

तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्

## रोटी र कचौरा

उद्देश्य २ *प्रभु-भोजका प्रतीकहरूलाई तिनीहरूका अर्थसँग परिचित गर्नुहोस्।*

### रोटी

आफ्ना चेलाहरूसँग खाएको निस्तार चाड्को भोजमा, येशूले रोटी लिनुभयो, त्यसपछि धन्यवाद दिनुभयो र यसलाई भाँची यसो भन्दै आफ्ना चेलाहरूलाई दिनुभयो, "तिमीहरूका निम्ति दिइएको यो मेरो शरीर हो। मेरो सम्झनामा यो गर्ने गर" (लूका २२:१९)।

शुरूको आफ्नो सेवामा येशूले आफैलाई "स्वर्गबाटको रोटी" र "जीवनको रोटी" भनी बताउनुभएको थियो (यूहन्ना ६:३२,३५)। परमेश्वरले दिनुभएको रोटी उहाँ हुनुहुन्थ्यो, उहाँ स्वर्गबाट आउनुभयो र उहाँले संसारको निम्ति आफ्नो जीवन दिनुभयो।

> "स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो (यूहन्ना ६:५१)।

येशूले यसलाई आत्मिक अर्थमा बताउनुभएको थियो भन्ने कुरा यूहन्ना ६:२५-५८ पढ्दा हामीलाई स्पष्ट हुन्छ। उहाँका वचन सुन्ने कोही-कोहीले प्रभुले आफ्नो शारीरिक शरीरको बारेमा बताउनुभएको हो भनी विचार गरे र यस बारेमा चर्काचर्की बहस पनि गरे। यस भाषालाई "भेड़ाहरूको ढोका मै हुँ" भनी येशूले भन्नुभएका शब्दहरूलाई व्याख्या गरेझैं व्याख्या गरिनुपर्छ (यूहन्ना १०:७)। येशू वास्तविक वा शाब्दिक अर्थमा ढोका हुनुहुन्न। ढोकाले उहाँ र उहाँको कामलाई नमूनित गर्छ। ढोकाका विशेष विशेषताहरू– यसको मजबुतपन, यसले कसरी विभाजन र सुरक्षा गर्छ– ले नै उहाँको चरित्र र सेवालाई प्रतिनिधित्व गर्छ।

जब हामी प्रभुको टेबिलमा आएर रोटीको टुक्रा लिन्छौं, हामीले विश्वासमा ख्रीष्टको जीवन प्राप्त गरेका हुन्छौं।

**कचौरा**

खाइसकेपछि येशूले कचौरा लिनुभयो र भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो। जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर" (१ कोरिन्थी ११:२५)। दाखको फलले उहाँले बगाउनुभएको रगतको प्रतिनिधित्व गर्छ। कचौराले पनि उहाँको रगतद्वारा छाप लगाइएको नयाँ करारको प्रतिनिधित्व गर्छ, जुन रगत हाम्रो निम्ति खन्याइएको थियो (लूका २२:२०)।

खाना खाएर आफ्ना चेलाहरूसँग कुराकानी गरिसकेपछि त्यसै रात प्रभु येशू जैतून पहाड़मा जानुभयो। त्यहाँ भएको गेतसमनी भनिने बगैंचामा उहाँले एक्लै घुँड़ा टेकी प्रार्थना गर्न थाल्नुभयो।

उहाँले भन्नुभयो, "हे पिता, तपाईंको इच्छा भए, यो कचौरा मबाट हटाइदिनुहोस्। तर मेरो इच्छा होइन, तपाईंकै

इच्छा पूरा होस्'' (लूका २२:४२)। उहाँले हटाइदिनुहोस् भन्नुभएको ''कचौराले'' संसारका पापहरूको प्रतिनिधित्व गर्छ। यो बोझचाहिँ उहाँले उठाउनुभएको शारीरिक कष्टभन्दा पनि अझै डरलाग्दो कुरा थियो। उहाँको वेदना यति चर्को थियो कि रगतका थोपाजस्तै गरी उहाँको पसिना भूइँमा झरिरहेको थियो।

येशूले पिउनुभएको कष्ट र पापको कचौरा हाम्रो निम्ति उद्धारको कचौरा बनेको छ! हामीलाई प्रेम गर्नुहुने र हाम्रो लागि आफ्नो जीवन दिनुहुने हाम्रा प्रभुप्रति हामी सधैंभरि कृतज्ञ हुन सकौं! (गलाती २:२०)।

**तपाईंको अभ्यासको निम्ति**

**३** तल दिइएका वाक्यहरूलाई पूरा गर्नुहोस्। येशूले रोटी लिनुभयो र भन्नुभयो, ''यो मेरो ............. हो। त्यसपछि उहाँले दाखको फल दिनुभयो, जसले उहाँको .................... प्रतिनिधित्व गर्छ।

**४** ''कचौरा''-को दुइवटा अर्थ हुन्छ। ठीक परिभाषा दिने प्रत्येक वाक्यको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. येशूको रगतद्वारा छाप लगाइएको नयाँ करार।

**ख**. हाम्रो निम्ति येशूले सहनुभएको कष्ट।

**ग**. हामीले प्रभु-भोज लियौं भने पापबाट पाइने क्षमा।

**५** दायाँपट्टि उल्लेख गरिएको चिन्ह वा वस्तुसँग बायाँपट्टि उल्लेख गरिएको वर्णनको जोड़ा मिलाउनुहोस्।

| | |
|---|---|
| ....**क** हेरचाहा र सुरक्षा गर्छ | १) रोटी |
| ....**ख** अगुवाइ गर्छ | २) दाख |

| | |
|---|---|
| ....**ग** अँध्यारो हटाउँछ | ३ ) ज्योति |
| ....**घ** समर्थन गर्छ | ४ ) थुमा |
| ....**ङ** तिर्खा मेटाउँछ | ५ ) पानी |
| ....**च** बलिदान | ६ ) गोठालो |
| ....**छ** आत्मिक जीवन | ७ ) ढोका |

## प्रभु-भोजका रूप र उद्देश्यहरू

उद्देश्य ३ *प्रभु-भोजका उद्देश्यहरूलाई व्यक्त गर्ने बयानहरूलाई छान्नुहोस्।*

प्रभु-भोजको सम्बन्धमा विभिन्न मण्डलीका आ-आफ्ना चलनहरू छन्। कुनै-कुनै समूहले अखमिरी रोटीलाई मात्र प्रयोग गर्छन्। खमिर वा मर्चा नहालीकन बनाइएको निस्तार-चाड़को रोटीसँग यो मिल्दोजुल्दो हुन्छ (मर्कूस १४:१) अरूहरूले एउटै रोटी भएको चाहन्छन्, जसलाई अगुवाले स-साना टुक्राहरूमा भाँच्ने गर्छन्। ठूला मण्डलीहरूले पातलो र सानो रोटी सबैलाई एउटा-एउटा बाँड्ने काम व्यावहारिक देख्छन्।

कुनै-कुनै मण्डलीहरूको एउटा वा दुइवटा ठूला कचौराहरू प्रयोग गर्छन् र सबै सहभागी विश्वासीहरूले यसैबाट पिउँछन्। यस्तो अवस्थामा चाहिँ प्रत्येक व्यक्तिले एक घुट्को पिएपछि कचौरालाई लुगाले पुछिन्छ। अरू मण्डलीहरूमा प्रत्येक व्यक्तिको निम्ति छुट्टाछुट्टै कचौराहरू प्रयोग गरिन्छ। पिय-पदार्थचाहिँ प्रायःजसो दाखको रस हुन्छ, तर दाखमद्य वा पानीसँग मिसाइएको दाखमद्य पनि हुन सक्छ। दाखको रस नपाइने संसारका विभिन्न भागहरूमा अरू फलफूलका रसहरूलाई पनि प्रयोग गरिन्छ।

कुनै-कुनै मण्डलीहरूले बिहानको आराधनाको एक अभिन्न भागको रूपमा हरेक आइतबार प्रभु-भोजको सञ्चालन गर्छन्।

अरूहरूले हरेक महीनाको पहिलो आइतबार प्रभु-भोज बाँड्छन्। कतिपय गाउँका मण्डलीहरूमा सेवा दिनका लागि कुनै सेवक आएपछि मात्र प्रभु-भोज बाँड्न सकिन्छ। पवित्र धर्मशास्त्रले "जहिले-जहिले" भनी बताएको छ। स्थानीय मण्डलीहरूका लागि जसो गर्दा उपयुक्त हुन्छ, सो निर्णय उनीहरूले नै गर्न सक्छन्।

कुनै-कुनै मण्डलीहरूले "बन्द प्रभु-भोज"-को चलनलाई (आफ्नै सदस्यहरूमा मात्र सीमित) अपनाएका भए तापनि पेन्टिकोस्टल मण्डलीहरूमा "खुला प्रभु-भोज"-को अभ्यास गरिन्छ। यसको अर्थ यही नै हुन्छ कि यसमा सहभागी हुनका लागि नयाँ जन्म पाएका सबै विश्वासीहरूलाई निमन्त्रणा गरिन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**६** तपाईंको मण्डलीमा प्रभु-भोजलाई कसरी अभ्यास गरिन्छ, एक छिन विचार गर्नुहोस्। माथि उल्लेखित प्रयोगयोग्य विशेषताहरूको सूची बनाउनुहोस्।

.....................................................................

.....................................................................

## यसका उद्देश्यहरू

प्रभु-भोज सञ्चालन गर्ने तरीका ठाउँ-ठाउँमा फरक भए तापनि, यसका *उद्देश्यहरूचाहिँ* एउटै हुनुपर्छ। तिनीहरू यस प्रकार छन्ः

१. *येशू ख्रीष्ट र उहाँको कामको बारेमा हामीलाई स्मरण गराउन।* उहाँलाई आदर, आराधना र धन्यवाद दिनका लागि यो स्मारक भोज हो। पवित्र आत्माले प्रत्येक व्यक्तिका निम्ति

ख्रीष्टको कष्ट, मृत्यु, पुनरुत्थान र स्वर्गारोहणलाई अर्थपूर्ण र वास्तविक बनाउन चाहनुहुन्छ।

२. *येशू ख्रीष्टसँगको सङ्गतिद्वारा प्रेम र एकतामा विश्वासीहरूलाई एकैसाथ ल्याउन।* प्रेमका प्रेरित, यूहन्नाले लेखेका छन्ः

> तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एउटा-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ (यूहन्ना १:७)।

३. *ख्रीष्टले आफ्नो राज्य स्थापित गर्नुहुने भविष्यको महिमित आशातर्फ विश्वासीहरूलाई सङ्केत गर्न।* टेबिलमा हुनुहुँदा येशूले भन्नुभयो, "तर म तिमीहरूलाई भन्दछु, कि दाखको यस फलबाट म तबसम्म पिउनेछैनँ, जबसम्म आफ्ना पिताको राज्यमा तिमीहरूसँग नयाँ गरी पिउँदिनँ" (मत्ती २६:२९)। प्रभु नआऊञ्जेल हामीले प्रभु-भोजमा उहाँको मृत्युको घोषणा गर्नुपर्छ भनी पावलले हामीलाई अर्ती दिएका छन् (१ कोरिन्थी ११:२६)।

४. *चङ्गाइ र पुनरुत्थान उपलब्ध गरिदिन।* बाइबलले हामीलाई सिकाउँछ कि रोटी खानु र कचौराबाट पिउनुभन्दा पहिले प्रत्येक व्यक्तिले आफूलाई जाँच्नैपर्छ (१ कोरिन्थी ११:२८)। हामी नम्रता र समर्पणको आत्मसाथ उहाँमा आउनुपर्छ। विश्वाससाथ हामी उहाँको जीवन र सामर्थ्यबाट उघाउन सक्छौं, र हाम्रा शारीरिक शरीरहरूका लागि पनि यो उपलब्ध छ।

यस अन्तिम बुँदालाई तलको कथाद्वारा नमूनित गरिएको छ। उमा नाम गरेकी एक चिनिया आदिवासी स्त्रीले प्रचारकहरूबाट

सुसमाचार सुनेकी थिइन्। पछि गएर तिनी पनि आफ्ना मानिसहरूलाई सेवा पुऱ्याउने "बाइबल स्त्री" बनिन्।



एक दिन प्रभु-भोजमा सहभागी भइरहेको बेलामा, केही रोटी र दाखरस लिएर सहयोगको अति आवश्यक परेको एक गरीब र निन्दित कुष्ठरोगीकहाँ जानको निम्ति पवित्र आत्माले उमालाई प्रेरणा दिनुभयो। तिनी छिटो-छिटो त्यस पहाड़को बाटोबाट कुष्ठरोगीको निम्ति प्रार्थना गर्नका लागि तिनको घरमा पुगिन्। तब विश्वास र प्रेमले भरिएको हृदयको साथ प्रभुको शरीर र रगतको सम्झनामा रोटी र दाखरस बाँडिन्। कुष्ठरोगीले यी पदार्थहरू ग्रहण गर्दा उहाँको चङ्गाइको शक्ति तिनीमाथि आयो र तिनी पूरै निको भइन्!

### तपाईंको अभ्यासको निम्ति

७ प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** "खुला" प्रभु-भोजको अर्थ मण्डलीका सदस्यहरू मात्र सहभागी हुन सक्ने भन्ने हुन्छ।

**ख**. प्रभु-भोज केवल स्मारक मात्र हो।
**ग**. कति समयको अन्तरमा प्रभु-भोज लिनुपर्छ भन्ने बारेमा बाइबलले केही पनि बताएको छैन।
**घ**. प्रभु-भोज बाँड्ने तरीकाहरू फरक-फरक हुन सक्छन् तर उद्देश्यचाहिँ एउटै नै हुन्छ।

**८** तल दिइएकाहरूमध्ये कुनचाहिँ प्रभु-भोजको उत्सवका निम्ति भएका उद्देश्यहरू हुन्?
**क**. प्रभुको दोस्रो आगमनको सम्बन्धमा हामीलाई स्मरण गराउनु।
**ख**. हाम्रा पापहरूका निम्ति भएको ख्रीष्टको मृत्युलाई स्मरण गराउनु।
**ग**. अति सुन्दर सेवाको सृजना गर्नु।
**घ**. चङ्गाइ उपलब्ध गरिदिनु।
**ङ**. विश्वासीहरूलाई एकैसाथ प्रेममा ल्याउनु।

**९** प्रभु-भोजमा तपाईं सहभागी हुनुहुँदा यसले तपाईंलाई के अर्थ दिन्छ आफ्नै शब्दहरूमा बताउनुहोस्। ..........................
..................................................................

## ✔ तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ क) येशू र हाम्रा निम्ति उहाँको बलिदानको बारेमा यसले हामीलाई स्मरण गराउँछ।
ख) पापमाथि भएको उहाँको विजयताको बारेमा यसले हामीलाई स्मरण गराउँछ।

ग) उहाँले अझै शासन गर्नुहुन्छ भन्ने कुरा याद गर्न यसले हामीलाई सहायता गर्छ।

६ तपाईंको उत्तर

२ **क** बेठीक **ग** ठीक
**ख** ठीक **घ** बेठीक

७ **क** बेठीक **ग** ठीक
**ख** बेठीक **घ** ठीक

३ शरीर
रगत

८ क) प्रभुको दोस्रो आगमनको ............... स्मरण गराउनु।
ख) हाम्रा पापहरूका निम्ति भएको ख्रीष्टको मृत्युलाई स्मरण गराउनु।
घ) चङ्गाइ उपलब्ध गरिदिनु।
ङ) विश्वासीहरूलाई एकैसाथ प्रेममा ल्याउनु।

४ क) येशूको रगतद्वारा छाप लगाइएको नयाँ करार।
ख) हाम्रो निम्ति येशूले सहनुभएको कष्ट।

९ तपाईंका आफ्नै शब्दहरू। कोही व्यक्तिले यसरी लेखेका छन्: प्रभुले मेरो निम्ति गर्नुभएको कामलाई स्मरण गर्नका लागि यसले मलाई सहायता गऱ्यो। यसले मलाई नयाँ आशा र उत्साह पनि दिएको छ।

५ **क** ७) ढोका **ङ** ५) पानी
**ख** ६) गोठालो **च** ४) थुमा
**ग** ३) ज्योति **छ** १) रोटी
**घ** २) दाख